# शिक्षा सेवा शुल्क

**१. शिक्षा सेवा शुल्क क कसले असूल गर्नु पर्दछ ?**

निजी क्षेत्रबाट संचालित देशभरिका उच्च माध्यमिक शिक्षा भन्दा माथिको शिक्षा प्रदान गर्ने शिक्षण संस्था, काठमाडौं उपत्यकाभित्र तथा उपमहानगरपालिका,नगरपालिका र जिल्ला सदरमुकाम मा संचालित शिक्षण सस्था मध्ये आन्तरिक राजस्व विभागले तोकेका शिक्षण संस्थाका हकमा सवै तहको शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरुले असुल गर्ने भर्ना शुल्क र मासिक शिक्षण शुल्कमा शिक्षा सेवा शुल्क असुल गुर्नपर्दछ । विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलाई विदेशी मुद्रा सटही सुविधा दिंदा सटही सुविधा उपलव्ध गराउने बैंक तथा वित्तिय संस्थाहरुले त्यस्तो सटही रकममा शिक्षा सेवा शुल्क असुल उपर गर्नुपर्दछ ।

**२. शिक्षा सेवा शुल्क को दर कति हो ?**

एक प्रतिशत ।

**३. कुन कुन शुल्कमा शिक्षा सेवा शुल्क असूल गर्नु पर्दछ ?**

भर्ना र मासिक शिक्षण शुल्कमा साथै विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलाई शिक्षण शुल्क वापत विदेशी मुद्रा सटही सुविधा दिंदा उक्त सटही रकममा ।

**४. शिक्षा सेवा शुल्कको रकम र विवरण कहिले बुझाउनु पर्दछ ?**

**शिक्षण सस्थाहरुले चौमासिक रुपमा चौमासिक अवधि समाप्त भएको २५ दिनभित्र**

- साउन देखि कार्तिक सम्मको मंसिर २५गते भित्र ।
- मंसिर देखि फागुनसम्म को चैत्र २५गते भित्र ।
- चैत्र देखि आषाढसम्मको साउन २५गते भित्र।

**बैक तथा वित्तिय संस्थाहरुले अर्को महिनाको २५ गते भित्र ।**

**५. यातायात सुविधा उपलब्ध गराए वापत विद्यार्थीसँग लिइने शुल्कमा पनि शिक्षा सेवा शुल्क असूल गर्नु पर्दछ ?**

पर्दैन ।

**६. खाना वा खाजा उपलब्ध गराएवापत विद्यार्थीसँग लिइने शुल्कमा पनि शिक्षा सेवा शुल्क असूल गर्नु पर्दछ ?**

पर्दैन ।

**७. तोकिएको समयभित्र शिक्षा सेवा शुल्क बुझाएन भने के हुन्छ ?**

वार्षिक १५ प्रतिशतले ब्याज तिर्नु पर्दछ ।

**८. तोकिएको म्यादपछिको तीन महिनासम्म पनि शिक्षा सेवा शुल्क दाखिला नगरेमा कस्तो कारवाही हुन्छ ।**

यस्तो शिक्षण संस्थालाई कर अधिकृतले बन्द गर्न आदेश दिन सक्नेछ ।

**९. शिक्षा सेवा शुल्क छली गरेमा के हुन्छ ?**

कर अधिकृतले विगोको पच्चीस प्रतिशत रकम जरिवाना गर्न सक्छ ।

**१०. तोकिएको समयभित्र शिक्षा सेवा शुल्कको विवरण बुझाएन भने के हुन्छ ?**

प्रति विवरण रु.१००० जरिवाना तिर्नु पर्दछ ।

**११. कुन कुन खाता राख्नु पर्छ ?**

शिक्षा सेवा शुल्क निर्देशिकाको अनुसूची २ बमोजिमको शुल्क खाता कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्दछ ।

**१२. के मैले आफु खुशी बीजक जारी गर्न पाउँछु ? कि कुनै ढाँचा तोकिएको छ ?**

अहँ, पाउनुहुन्न । शिक्षा सेवा शुल्क निर्देशिकाको अनुसूची १ बमोजिमको ढाँचामा बीजक जारी गर्नुपर्छ । कार्यालयको स्वीकृती लिई अनुसूची १क बमोजिमको ढाँचामा बीजक जारी गर्न पनि सकिन्छ ।

**१३. के मैले कम्प्युटरबाट बीजक जारी गर्न पाउँछु ? मैले के गर्नु पर्दछ ?**

पाउन ुहुन्छ। आन्तरिक राजस्व कार्यालयको स्वीकृती लिई कम्प्युटरबाट बीजक जारी गर्न सक्नुहुन्छ । यसका लागि सफ्टवेयर खरिद बिक्री सम्झौताको प्रतिलिपि, सफ्टवेयर खरिद गरेको बीजकको प्रतिलिपि र सफ्टवेयरको विवरण संलग्न राखी आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनुपर्दछ ।

**१४ . मैले कम्प्युटरबाट बीजक जारी गर्न स्वीकृती पाएको छु ? मैले के के शर्त पालना गर्नु पर्दछ ?**

- कम्प्युटरबाट जारी गरिएको बीजकको एक प्रति प्रिन्ट गरी फायलमा राख्ने व्यवस्था गर्नुपर्दछ ।
- शिक्षा सेवा शुल्क निर्देशिकाको अनुसूची १ वा १क बमोजिमको ढाँचामा बीजक जारी गर्नुपर्छ ।
- बीजक नम्बर परिवर्तन नहुने गरी सफ्टवेयर तयार गरेको हुनुपर्दछ ।
- एक पटक जारी गरेको बीजकमा पुनः संशोधन गर्ने व्यवस्था हुनु हुदैंन,गर्नु पर्ने भएमा डेबिट,क्रेडिट नोटको माध्यमबाट मात्र संशोधन गर्ने व्यवस्था हुनु पर्दछ ।

**१५. विदेशमा अध्ययन गर्न जाने विद्यार्थीबाट विदेशी मुद्रा सटही सुविधा दिंदा सटही रकममा बैंकहरुले कट्टा गरेको शिक्षा सेवा शुल्क वापतको रकम कहिले बुझाउनु पर्दछ ?**

अर्को महिनाको २५ गते भित्र ।

**१६. सार्वजनिक शैक्षिक गुठी अर्न्तगत संचालित शिक्षा सेवा शुल्क तिर्नु पर्छ वा पर्दैन ?**

पर्दैन ।

**१७. कर अधिकृतले गरेको शिक्षा सेवा शुल्क निर्धारण आदेश वा शिक्षण संस्था बन्द गर्न दिएको आदेश उपर पूनरावलोकन गर्न पाइन्छ वा पाइदैन ? पाइन्छ भने कहां कति दिन भित्र निवेदन दिन सकिन्छ ।**

पाइन्छ । त्यस्तो सुचना वा आदेश पाएको मितिले ३० दिन भित्र आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष निवेदन दिन सकिन्छ ।

**१८. पूनरावलोकनको लागि निवेदन दिंदा धरौटी राख्न पर्छ वा पर्दैन ?**

पर्छ । निर्धारित शिक्षा सेवा शुल्क रकम मध्ये विवाद रहित शिक्षा सेवा शुल्क र जरिवाना रकम बुझाई विवादित शिक्षा सेवा शुल्क र जरिवाना रकमको एक तिहाई रकम नगद धरौटी राख्नु पर्दछ ।